बर्जु गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
अमाहिवेल्हा सुनसरी
कोशी प्रदेश, नेपाल

## विषयः बर्जुतालको माछा विक्रीका लागि दरभाउपत्र ठेक्का आव्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मितिः २०८१।१२।२६ गते**

प्रस्तुत विषयमा यस बर्जु गाउँपालिका अन्तर्गत वडा नं ६ मा रहेको बर्जुताला भित्रका तपसिलका पोखरीमा रहेको माछा विक्रीका लागि प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले उल्लेखित शर्तको अधिनमा रहि तोकिएको मिति भित्र न्युनतम अंकमा नघटाई गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| प्रस्ताव नं. | विवरण | वडा नं | न्यूनतम कवोल अंक रु. | धरौटी रकम |
|---|---|---|---|---|
| १/०८१/८२ | बर्जुताल क्षेत्रको पूर्व पट्टीको पोखरीमा माछा विक्री | बर्जु -६ | एकमुष्ट रु २,००,००० ।- <br> अक्षेरेपी दुईलाख मात्र | १०,०००।- |
| २/०८१/८२ | बर्जुतालको पश्चिम पट्टीको माछा पोखरीमा रहेका जंगली तथा विकासे माछा विक्री | बर्जु -६ | ४,००,०००। <br> अक्षेरेपी चार लाख मात्र । | २०,०००।- |
| ३/ ०८१/८२ | बर्जुतालको विचको (मंदीर रहेको) तालको माछा | बर्जु-६ | २०,००,०००।— <br> अक्षेरेपी वीसलाख मात्र । | १,०००००।- |
| ४/०८१/८२ | बर्जुतालको ड्रेन तथा पैनीहरुमा रहेका जंगलीमाछाको न्यूनतम ठेक्का अंक | बर्जु-६ | २५,०००।- <br> अक्षेरेपी पच्चिस हजार मात्र | १२५०।- |

**सूचनाको शर्तहरु**

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले पन्धौं (१५ औ) दिनसम्म नगदै रु १०००।- वुझाई यस कार्यालय वाट खरिद गरि लिनुपर्ने छ।
२. खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात( १६ औ) दिन दिनको १२:०० बजे सम्म बर्जु गाउँपालिकामा दर्ता गरि सक्नु पर्नेछ ।
३. दरभाउपत्र फारम साथ व्यक्तिको हकमा नागरिकताको फोटोकपी र फर्मको हकमा फर्म ईजाजतपत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबांट प्राप्त मु.अ.कर दर्ताको प्रतिलिपी र आ.व. २०८०।०८१ को आयकर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने छ।
४. दरभाउपत्रमा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरि उल्लेख गरेको हुनु पर्ने छ। अंक प्रष्ट नभएमा अक्षरलाई मान्यता दिईने छ। केरमेट भएमा टिपेक्स लगाउन पाईने छैन। दरभाउपत्र दाताले केरमेट भएको दुवै तर्फ दस्तखत गरेको हुनु पर्ने छ।
५. धरौटी वापतको रकम यस गाउँपालिकाको राजश्व शाखामा नगद जम्मा गरी नगदी रसिद वा धरौटी खाता-हि.नं.२४३CA५००१७६२८००५ एन.आई.सि.एसिया बैंक(बर्जु काउण्टर) मा नगद जम्मा गरि सक्कलै बैंक भौचर प्रस्ताव साथ संलग्न राखी पेश गर्नु पर्ने छ।
६. पेश हुन आएका शिलवन्दी दरभाउपत्र सूचना प्रकाशन भएको सोह्रौं ( १६ औ) दिनमा दिनको २.०० बजे प्रस्ताव दाता तथा प्रतिनिधिको रोहबरमा यस गाउँपालिकामा खोलिने छ। शिलवन्दी दरभाउपत्र दाता अनुपस्थित भएमा पनि प्रस्ताव खोल्नलाई कुनै बाधा हुने छैन । सबै भन्दा बढी अंङ्क सकार गर्ने शिलवन्दी प्रस्ताव दाताको रितपूर्वकको शिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छ।
७. शिलवन्दी दरभाउपत्र स्वीकृत भएको प्रस्तावदाताले आफुले कवोल गरेको रकम एकमुष्ट रुपमा अग्रिम वुझाउनु पर्ने छ ।
८. माथि उल्लेख गरिएको कुराहरु बाहेक अन्य शर्त तथा कुराहरु प्रचलित ऐन नियममा तोकिए बमोजिम हुने छ।
९. ठेक्का नं.२ र ठेक्का नं.३ (पश्चिम पट्टीको तथा मंदीर रहेको विचको पोखरीको) पानी नसुकाई जाल लगाएर मात्र माछा मार्नु पर्नेछ।
१०. नेपाल सरकार तथा स्थानिय तहको पेश्की फछ्यौंट नगरेको तिर्न बाँकी रहेको व्यक्ति, फर्म वा कम्पनीको प्रस्ताव स्वीकृत गरिने छैन।
११. शिलवन्दी प्रस्ताव सम्बन्धमा थप कुराहरु वुझ्नु पर्ने भएमा कार्यालय समय भित्र यस गाउँपालिकामा सम्पर्क राखी वुझ्न सकिने छ।
१२. कुनै कारणबाट शिलवन्दी प्रस्ताव खोल्ने मिति र समयमा शिलवन्दी प्रस्ताव खोल्न सकिएन भने त्यसको भोलि पल्ट कार्यालय समयमा शिलवन्दी दरभाउपत्र प्रस्तावदाता वा नीजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। निज को अनुपस्थितिमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।
१३. शिलवन्दी दरभाउपत्र प्रस्ताव दाताले जुन पोखरी का लागि शिलवन्दी प्रस्ताव पेश गर्न चाहेको हो सोको सम्बन्धित कोठामा आफुले कवोल गर्ने अंक उल्लेख गर्नु पर्ने छ।
१४. शिलवन्दी दरभाउपत्र सम्बन्धमा सम्पुर्ण अधिकार गाउँपालिकाको कार्यालयमा निहित रहने छ।

प्रमुख प्रशासकीय अधिकृत